कालिमाटी गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

रामपुर, सल्यान

प.स. २०८१/०८२

च.नं. १५४

कर्णाली प्रदेश नेपाल

मिति:२०८१/०५/१४

श्री सामुदायिक तथा संस्थागत विद्यालय (सबै)
कालिमाटी गाउँपालिका,सल्यान।

विषय: बैदेशिक रोजगार सन्तति छात्रबृत्ति कार्याक्रममा सहाभागि हुने सम्बन्धमा।

प्रस्तुत विषयमा श्रम, रोजगार तथा समाजिक सुरक्षा मन्त्रालय, बैदेशिक रोजगार बोर्डको सचिवालयको प.स. ०८१/०८२ मिति २०८१/०४/३१ च.नं. १४१ र संङ्घिय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको प.स. ०८०/०८१, मिति २०८१/०५/०५, च.न.१८ को पत्र अनुसार यस पालिकाबाट वैदेशिक रोजगारमा गएर मृत्यु ,अङ्गभङ्ग वा विरामी भई कल्याणकारी कोषबाट यस सचिवालय माफर्त शत प्रतिशत आर्थिक सहायता प्राप्त गरेका कामदारका १८ वर्ष मुनिका १२ कक्षा सम्म अध्यनरत बालबालिकाहरुलाई प्रदान गरिने छात्रवृत्ति प्राप्त गर्न योग्यता पुगेका सामुदायिक एवम संस्थागत विधालयमा अध्यनरत विद्यार्थीहरुलाई बैदेशिक रोजगार सन्तति छात्रवृत्ति कार्यक्रममा सहभागि हुनको लागि तपशिल बमोजिमका कागजातहरु उपलब्ध गराईदिनुहुन अनुरोध छ।

तपशिल:-

- निवेदकको संरक्षकको नागरिकताको प्रतिलिपि।
- बैदेशिक रोजगारमा गई मृत्यु भएका कामदारको मृत्यु दर्ता प्रमाणपत्रको प्रतिलिपि।
- कामदारको राहादानीको प्रतिलिपि वा राहादानी नं. खुल्ने कागजात।
- विद्यार्थीको जन्म दर्ताको प्रतिलिपि।
- निवेदक,संरक्षक र कामदार बिचको नाता प्रमाणको प्रतिलिपि।
- विद्यार्थी वा संरक्षकको बैंक खाता खुल्ने कागजात(चेक बुक)को प्रतिलिपि।
- हाल अध्यनरत भएको विद्यालयको सिफारिस।
- शिक्षा समितिको निर्णय एवं सम्वन्धित स्थानीय तहको सिफारिस।
- श्रमिकको अङ्गभङ्ग वा गम्भीर बिरामी भएको प्रमाणित गर्ने मान्यता प्राप्त चिकित्सकको प्रमाणपत्रको प्रतिलिपि।
- श्रमिक करार अवधि भित्रै अङ्गभङ्ग वा गम्भीर बिरामी भई समस्यामा परी स्वदेश फर्केको खुल्ने कागजात।

.............................

कृष्ण प्रसाद पौड्याल

प्रमुख प्रशासकीय अधिकृत

कृष्ण प्रसाद पौड्याल
प्रमुख प्रशासकीय अधिकृत

अनुसुचि-१
(कार्यविधिको दफा ७(१) संग सम्बन्धित)
छात्रवृत्तिको लागि निवेदनको ढाँचा

श्री प्रधानध्यापकज्यु                                                                                    मितिः-.................

...............................

विषयः वैदेशिक रोजगार छात्रवृत्तिका लागि सिफारिस उपलब्ध गरि पाउँ।

महोदय,

उपरोक्त सम्बन्धमा मेरो(बुबा/आमा) नाताको.........................................................वैदशिक रोजागरिका सिलसिलामा मिति...............................मा....................................देशमा मृत्यु/अङ्गभङ्ग/अशक्त बिरामी भएकाले परिवारको शैक्षिक विकासका लागि नेपाल सरकार श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय वैदेशिक रोजगार बोर्डको सचिवालयबाट प्राप्त हुने छात्रवृत्ति दिलाई पाउँ भनी देहाय बमोजिमका कागजात संलग्न गरी यो निवेदन पेश गरेको छु।

संलग्न काजगातहरु

- श्रमिकको राहदानीको निस्साको प्रतिलिपि वा राहदानी नम्वर खुल्ने कागजात,
- निवेदक वा संरक्षकको नागरिकताको प्रमाणपत्रको प्रतिलिपि र बैंक खाता नंम्वर,
- श्रमिकको मृत्युदर्ताको प्रमाणपत्र वा अङ्गभङ्ग वा गम्भीर बिरामी भएको प्रमाणित गर्ने मान्यता प्राप्त चिकित्सकको प्रमाणपत्रको प्रतिलिपि,
- निवेदक र श्रमिक बिचको नाता प्रमाणित प्रमाणपत्रको प्रतिलिपि।
- श्रमिक करार अवधि भित्रै अङ्गभङ्ग वा गम्भीर बिरामी भई समस्यामा परी स्वदेश फर्केको खुल्ने कागजात,
- छात्र/छात्राको जन्मदर्ता प्रमाणपत्रको प्रतिलिपि,

निवेदक
नाम थर :
ठेगाना :
सम्पर्क नं. :
कक्षा :
रोल नं :

अनुसुचि-२
(कार्यविधिको दफा ७ (३) संग सम्बन्धित)
विद्यालयको सिफारिसको ढाँचा

श्रीमान प्रमुख प्रशासकिय अधिकृतज्यु, मितिः-................
कालिमाटी गाउँपालिका,सल्यान।

विषयः सिफारिस सम्बन्धमा।

उपरोक्त सम्बन्धमा वैदेशिक रोजगारिको कममा मृत्यु/अङ्गभङ्ग बिरामी भइ बोर्डको सचिवालयबाट शत प्रतिशत आर्थिक सहायता प्राप्त गरेका श्रमिकका तपसिल बमोजिमका छात्र/छात्राहरुलाई वैदेशिक रोजगार छात्रवृत्ति सहायता प्राप्त गर्नका लागि सिफारिस व्यहोरा अनुरोध छ।

| क्र.सं. | विद्यार्थीको नाम | कक्षा | जन्म मिति | श्रमिकको राहदानी नं. | वैदेशिक रोजगारिमा मृत्यु/असक्त भएको परिवारको सदस्य | वैदेशिक रोजगारिमा मृत्यु/अशक्तभएको परिवासँगको नाता | मृत्यु वा अशक्त | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |

<u>संलग्न कागजात</u>

- श्रमिकको राहदानीको निस्साको प्रतिलिपि,
- छात्र/छत्रा वा संरक्षकको नागरिकताको प्रमाणपत्रको प्रतिलिपि र बैंक खाता नंम्वर,
- श्रमिकको मृत्युदर्ताको प्रमाणपत्र वा अङ्गभङ्ग वा गम्भीर बिरामी भएको प्रमाणित गर्ने मान्यता प्राप्त चिकित्सकको प्रमाणपत्रको प्रतिलिपि,
- निवेदक र श्रमिक बिचको नाता प्रमाणित प्रमाणपत्रको प्रतिलिपि।
- श्रमिक करार अवधि भित्रै अङ्गभङ्ग वा गम्भीर बिरामी भई समस्यामा परी स्वदेश फर्केको खुल्ने कागजात,
- छात्र/छात्राको जन्मदर्ता प्रमाणपत्रको प्रतिलिपि,